हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९ साल जेष्ठ १९ गते विहिवारका दिन हरिपुर नगरपालिकाको प्रथम नगर कार्यपालिका बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारका प्रस्तावहरुको विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री गोपाल पजियार | नगर प्रमसख | उपस्थित | |
| २ | श्री निलम देवी राय यादव | नगर उपप्रमुख | उपस्थित | |
| ३ | श्री नानि बाबु थापा | वडा अध्यक्ष वडा नं. १ | उपस्थित | |
| ४ | श्री निल विक्रम थापा | वडा अध्यक्ष वडा नं. २ | उपस्थित | |
| ५ | श्री लाल महम्मद शेष | वडा अध्यक्ष वडा नं. ३ | उपस्थित | |
| ६ | श्री संजय प्रसाद साह | वडा अध्यक्ष वडा नं. ४ | उपस्थित | |
| ७ | श्री सुरेन्द्र प्रसाद चौधरी | वडा अध्यक्ष वडा नं. ५ | उपस्थित | |
| ८ | श्री प्रेमहरी श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ६ | उपस्थित | |
| ९ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ७ | उपस्थित | |
| १० | श्री हरि बहादुर थापा | वडा अध्यक्ष वडा नं. ८ | उपस्थित | |
| ११ | श्री विश्वनाथ राय | वडा अध्यक्ष वडा नं. ९ | उपस्थित | |
| १२ | श्री फिरोजा खातुन | का.पा. सदस्य | उपस्थित | |
| १३ | श्री सुमित्रा देवी | का.पा. सदस्य | उपस्थित | |
| १४ | श्री सिमरिखिया देवी दास | का.पा. सदस्य | उपस्थित | |
| १५ | श्री गंगीया देवी | का.पा. सदस्य | उपस्थित | |
| १६ | श्री चितोरिया कुमारी चौधरी | का.पा. सदस्य | उपस्थित | |
| १७ | श्री सिता सरण साह | का.पा. सदस्य | उपस्थित | |
| १८. | श्री हिरा विश्वकर्मा | का.पा. सदस्य | उपस्थित | |
| १९ | श्री सन्तोष प्रसाद साह | का.पा. सदस्य | उपस्थित | |
| २० | श्री राज कुमार दास | सदस्य सचिव (प्र.प्र.अ.) | उपस्थित | |

प्रस्तावहरु

१. परिचय

२. धन्यवादज्ञापन

३. नियमित बैठक सम्वन्धमा ।

४. एम्वुलेन्स खरिद गर्ने सम्वन्धमा ।

५. फोहोर मैला व्यवस्थापन सम्वन्धमा ।

६. जेष्ठ नागरिकको स्वास्थ्य जाँच गर्ने सम्वन्धमा ।

७. मुख्य चौकहरुमा वृक्षारोपण गर्ने समन्धमा ।

८. Quality Test संचालन सम्वन्धमा । (कक्षा ८, ९ र १०)

९. बजार व्यवस्थापन सम्वन्धमा ।

१०. बाल विकास सहजकर्ताको सेवा सुविधा सम्वन्धमा ।

११. नव निर्वाचित जनप्रतिनीधिहरुलाई अभिमुखिकरण सम्वन्धमा ।

१२. वडागत सुनवाई सम्वन्धमा ।

१३. नगरपालिका/वडाकार्यालय भवन निर्माणको लागि जग्गा व्यवस्थापन सम्वन्धमा ।

१४. विविध

निर्णयहरु

१. प्रस्ताव नं. १ को विषयमा छलफल गर्दा हरिपुर नगरपालिकाको प्रथम नगर कार्यपालिकाको वैठकमा उपस्थित हामी सवै कार्यपालिकाको सदस्यहरु विच एक आपसमा सौहाद्र पुर्ण रुपमा परिचय कार्यक्रम मार्फत परिचित भई वैठकको कार्यक्रम सुरु गर्‍यौं ।

२. प्रस्ताव नं. २ को विषयमा छलफल गर्दा २०७९ साल वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचन तत पश्चात निर्वाचित जनप्रतिनीधिहरुबाट सम्पन्न हुने कार्यपालिका सदस्य निर्वाचन प्रकृया समेत सम्पन्न भई सकेको हुँदा निर्वाचन कार्यमा संलग्न कर्मचारी, सुरक्षा निकाय, मतदाता लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा निर्वाचनलाई सहयोग पुर्‍याउन सवै लाई धन्यवाद ज्ञापन गर्ने भनि सर्व सम्मत निर्णय गरियो ।

३. यस नगर कार्यपालिकाको अगामी नियमित वैठक हरेक महिनाको पहिलो हप्ता बस्ने भनि सर्व सम्मत रुपमा निर्णय गरियो ।

४. सवै वडाका क्षेत्र भित्र रहेको जेष्ठ नागरिक गर्भवती महिला विपन्न परिवार लगायत सवैको स्वास्थ्य उपचारमा विशेष सहयोग पुर्‍याउने उद्देश्यको लागि एक थान एम्वुलेन्स खरिद गर्न आवश्यक देखिएको हुँदा भन्सार छुट विधिबाट एक थान एम्वुलेन्स खरिद गर्न भनि सर्व सम्मत निर्णय गरियो ।

५. यस न.पा. का विभिन्न वडाका बजारबाट निस्किएका फोहर व्यवस्थापनको लागि सरोकार वाला सवै निकाय र पक्ष सँग छलफल गरी फोहर ब्यवस्थापनको आवश्यक व्यवस्था मिलाउने भनि सर्व सम्मत निर्णय गरियो ।

६. यस हरिपुर नगरपालिकाको मुख्य सडक चोकहरुमा शौन्दर्य झल्काउने खालका फुलका विरुवा तथा अन्य स्थानीय जातका फुल र रुख विरुवाहरु वृक्षारोपण गरी न.पा.लाई हरियाली बनाउने भनि सर्व सम्मत रुपमा निर्णय गरियो ।

७. यस न.पा. अन्तर्गत जेष्ठ नागरिकहरुलाई मासिक रुपमा घर घर मै स्वास्थ्य कर्मी पठाई स्वास्थ्य जाँच गर्ने स्थानीय स्वास्थ्य संस्था मार्फत आवश्यक व्यवस्था मिलाउने भनि सर्व सम्मत निर्णय गरियो ।

८. नगरपालिका भित्र रहेका विद्यालयहरुबाट कक्षा ८, ९ र १० मा अध्ययनरत छात्र छात्राहरु मध्य उत्कृष्ट छात्र छात्राहरु लाई गुण स्तरिय मूल्याँकन विधिको लागि परिक्षा संचालन गरी त्यसबाट प्राप्त हुन आएको नतिजा बमोजिम शिक्षक सिकाईको सुधार गर्न आवश्यक देखिएको हुँदा उक्त कृयाकलापलाई तत्काल संचालन गर्न भनि सर्व सम्मत निर्णय गरियो ।

९. यस न.पा. क्षेत्रभित्र लाग्ने गरेको हाट बजारहरुको आवश्यक व्यवस्था र सुधारको लागी उद्योग वाणिज्य संघ र अन्य एवं सरोकार वाला निकाय सँग छलफल गरी आवश्यक नीति बनाउने भनि सर्व सम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० मा छलफल गर्दा बालविकास सहजकर्ता र विद्यालय सहयोगी कर्मचारीको उचित सेवा सुविधाको सन्दर्भमा नगर सभा समक्ष प्रस्ताव पेश गर्ने भनि सर्व सम्मत निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ मा छलफल गर्दा निर्वाचित जनप्रतिनीधिको लागि कार्यालय संचालन, योजना तर्जुमा तथा स्व-मुल्याँकन सम्वन्धी अभिमुखिकरण कार्यक्रम तालिम संचालन गर्न भनि निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ मा छलफल गर्दा प्रत्येक महिनाको एक पटक १ वडागत नगर प्रमुख, उप प्रमुख र प्र.प्र.अ. बाट आम जन समुदायको गुनासो, सुझावको लागि वडामा समय व्यवस्थापन गर्न भनि निर्णय गरियो ।

१३. प्रस्ताव १३ मा छलपल गर्दा नगरपालिका र वडा कार्यालयहरुको प्रशासनीक भवन निर्माणको लागि आवश्यक जग्गा निशुल्क प्राप्तीको लागि सर्वसाधारणमा सुचना प्रवाह गर्ने भनि निर्णय गरियो ।

१४. प्रस्ताव १४ मा छलफल गर्दा देहाय बमोजिमको निर्णय गरियो ।

क. वडा नं. १ को कार्यालय सम्म जानेबाटोको अनुगमन गरी नगर कार्यपालिकाको सवारी साघनबाट मर्मत गर्न सक्ने अवस्था भए मर्मत सम्भार गर्ने ।

ख. वडा नं. ६ मा वर्षे पिच्छे वर्षाको समयमा जलमग्न भई करिव १०० घर परिवारलाई असुविधा हुने गरेको अवस्थालाई ध्यानमा राखि पानी निकासको आवश्यक व्यवस्था मिलाउने भनि निर्णय गरियो ।

ग. वडा नं. ४ को वडा कार्यालयमा खानेपानी तान्ने मोटर र सभाहलमा पंखाको व्यवस्था मिलाउने भनि निर्णय गरियो ।

घ. वाड नं. ७ मा खानेपानीको लागि चापाकलको व्यवस्था मिलाउने भनि निर्णय गरियो ।

निर्णयको मुनि १९ जनाको सहि भएको छ ।